फोन नं:०७८-५२०१८७

# विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

दुम्किवास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. ०८०/०८१
च.नं.

मितिः२०८१/०१/ ३१
ने.सं. ११४४, बछलाथ्व ६

सूचना ! सूचना !! सूचना !!!

अपाङ्गता लक्षित कृषि रोजगार कार्यक्रम संचालनको लागी प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८१।०१।३१

यस विनयी त्रिवेणी गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ मा सशर्त अनुदानको रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट विनियोजित बजेट अन्तर्गत अपाङ्गता लक्षित कृषि रोजगार कार्यक्रमको स्वीकृत वार्षिक कार्यक्रम अनुसार विनयी त्रिवेणी गाउँपालिकामा तपशिलका कार्यक्रममा आवेदन दिन ईच्छुक उल्लेखित शर्त पुरा गर्न सक्ने संघ/ संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्ताव सहित आवश्यक कागजातहरु यस गाउँपालिको कृषि विकास शाखामा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | कार्यक्रम | कार्यक्षेत्र | आवश्यक कागजात |
|---|---|---|---|
| १ | अपाङ्गता लक्षित कृषि रोजगार कार्यक्रम | | ➢ प्रस्तावपत्र सहितको निवेदन ।<br>➢ संस्था दर्ता नविकरण ।<br>➢ आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदन ।<br>➢ स्थायी लेखा नं. ।<br>➢ करचुक्ता प्रतिलिपि ।<br>➢ समाज कल्याण परिषद्को आवद्धता /नविकरण<br>➢ आयकर छुट प्रमाण पत्र ।<br>➢ कम्तीमा १० वर्षको अनुभव भएको ।<br>➢ बेरुजु कायम नरहेको स्वः घोषणा पत्र । |

बोधराज बस्याल
प्रमुख प्रशासकिय अधिकृत

Website:www.binayitribenimun.gov.np • E-mail: binayitribenigaupalika@gmail.com

Scanned with CamScanner

/

# विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### दुम्किबास(नवलपरासी ब.सू.पु)

अपाङ्गता व्यक्ति लक्षित कृषि रोजगार कार्यक्रम संञ्चालनको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट शसर्त अनुदान कार्यक्रम अन्तर्गत प्रप्त हुन आएको परियोजना संञ्चालनको लागि विनयी त्रिवेणी गाउँपालिका, दुम्किबास बाट तयार परिएको अपाङ्गता लक्षित वार्षीक कार्यक्रम कार्यन्वयन निर्देशिका ।

आ.व. २०८०/८१

| | |
|---|---|
| कार्यक्रमको परिचय | समाजमा भएका सबै प्रकारका नागरिक हरुलाइ विकासको मूल धारमा ल्याउनको लागि तथा विशेष क्षमता भएका नागरिकहरुको लागि समेत जीविकोपार्जनमा सहभागि गराइ स्थानिय सरकारको उपस्थितीलाइ समेत मजवुत वनाउनको लागी यो निर्देशिका तयार पारिएको हो । |
| कार्यक्रमको उद्देश्य | यो कार्यक्रमको उध्येश्य यसप्रकार रहेको छ ।<br>➢ अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने । |
| कार्यक्रम संचालन प्रक्रिया | १.अपाङ्गताको क्षेत्रमा काम गर्ने स्थानीय, प्रदेश वा कम्तिमा १ दशक लामो समय देखि अपाङ्गताको क्षेत्रमा काम गरी राष्ट्रिय रुपमा ख्याती आर्जन गर्न सफल संघ संस्थाको साझेदारिमा यो कार्यक्रम संचालन गर्न सकिनेछ। कार्यक्रम संचालन गर्ने प्रक्रिया र संचालन गर्ने कार्यक्रम सम्वन्धमा सम्बन्धित संस्थाले यस पालिकाको समन्वय तथा अनुगमनमा कार्यक्रम संचालन गर्नु पर्नेछ।<br>२.संघसंस्थाको साझेदारीमा कार्यक्रम संचालन गर्दा देहायवमोजिम गर्नुपर्नेछ ।<br>• स्थानीय पालिकाले संघ संस्था छनौटका लागि सूचना प्रकाशित गर्दा अपाङ्गताको क्षेत्रमा कम्तिमा १ दशक लामो समय देखि काम गरेका, अनुभवी, हालसम्म कुनै कालो सूचिमा नपरेका संघ संस्थाहरुलाई स्वःघोषणा गर्न लगाई प्रस्तावपत्र पेश गर्न ७ दिने सुचना प्रकाशन गर्ने ,<br>• अपाङ्गताको क्षेत्रमा काम गरेका ,प्रचलित कानुन बमोजिम प्रस्तावपत्र पेश गरी कार्यक्रम गर्न योग्य र सम्भव भएसम्म सम्वन्धित स्थानिय तहमा कार्यरत वा सो नभएमा प्रदेश वा |

बोधराज वस्याल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | |
|---|---|
| | राष्ट्रिय तहमा दर्ता भै अपाङ्गताको क्षेत्रमा कम्तिमा १ दशक लामो अनुभव हाँसिल गरी राष्ट्रिय स्तरमा पहिचान कायम गरेका संघ संस्थाले कार्यक्रमका लागि प्रस्तावपत्र पेश गर्न सक्ने ,<br>• प्राप्त प्रस्तावपत्रको छनोट गर्ने मापदण्ड सम्बन्धित स्थानीय तहबाट स्वीकृत गरी सोको आधारमा उत्कृष्ट भएको संस्थालाई कार्यक्रम संचालन गर्न साझेदार संस्थाको रुपमा छनोट गर्नुपर्ने,<br>• छनोट भएको संस्थासंग सम्बन्धित स्थानीय तहले सम्झौता गरी उक्त सम्झौताको सर्तको अधिनमा रही कार्यक्रम संचालन गर्नु पर्नेछ। |
| कार्यक्रम समन्वय तथा अनुगमन समिति | प्रस्तावित कार्यक्रम संचालनको सिलसिलामा परिणाममुखी नतिजा र अपेक्षित उपलब्धि हाँसिल गर्ने प्रयोजको लागि स्थानीय पालिकामा तपसील वमोजिमको एक समन्वय तथा अनुगमन समिति रहनेछ । जसमा<br>१ सम्वन्धित स्थानीय तहको प्रमुख / अध्यक्ष- संयोजक<br>२ सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>३ गाँउपालिकामा रहेका अपाङगता सम्वन्धि काम गरेका व्यात्ति - सदस्य<br>४ स्वास्थ्य शाखा प्रमुख- सदस्य<br>५ पशु सेवा शाखा प्रमुख- सदस्य<br>६ रोजगार साखा प्रमुख- सदस्य<br>७ कृषि शाखा प्रमुख- सदस्य सचिव |
| कार्यक्रमको समन्वय तथा अनुगमन समितिको काम, कर्तब्य अधिकार | (क) कार्यक्रम कार्यन्वयका लागि आवश्यक क्रियाकलापहरुको निर्धाण गर्ने,<br>(ख) कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया सम्वन्धमा निर्णय गर्ने,<br>(ग) कार्यक्रमको अनुगमन गर्ने र सोको प्रतिवेदन पेश गर्ने<br>(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिने । |
| अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने हेतुले यस गाउँपालिकामा तपशिल वमोजमका कृयाकलापहरु गर्न | ➤ वाखा पालनमा सहयोग<br>➤ मौरी पालन<br>➤ वंगुर पालनमा अनुदान<br>➤ च्याउखेतीमा अनुदान<br>➤ तरकारी खेतिमा अनुदान<br>➤ तरकारी तथा मासु पसल संचालनमा अनुदान<br>➤ विउ अनुदान सहयोग कार्यक्रम |

बोधराज बस्याल
प्रमुख प्रशासकिय अधिकृत

बिवी डिंडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
...गण्डकी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

| | |
|---|---|
| सकिन्छ । | ➢ साना सिंचाइ कार्यक्रम<br>➢ कुखुरा तथा हाँस पालन कार्यक्रम<br>➢ फलफुल खेती आदी । |
| वजेट बाँडफाड र स्विकृति | प्रचलित आर्थीक ऐन नियम अनुसार कार्यक्रम तथा बजेट बाडफाँड गरि कार्यक्रम समन्वय तथा अनुगमन समिति मार्फत स्विकृत लिइ कार्यक्रम संञ्चालन गर्नु पर्ने छ । |
| अनुगमन र मुल्याङ्कन सुचक | कार्यक्रम प्रतिवेदन अनुगमन प्रतिवेदन खर्च विवरण एवम् बिल भरपाई तथा अन्य आवश्यक कागजाताहरु तथा कार्यक्रम सम्वन्धी फोटोहरु |
| निवेदन | कार्यक्रम प्रगति प्रतिवेदन वार्षिक रुपमा तयार गरि सम्वन्धित स्थानीय तहले कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

<u>संस्था छनौट गर्दा अबलम्बन गर्नुपर्ने मापदण्ड र मुल्यांकनका आधारहरु</u>

१. संस्था दर्ता र नविकरण प्रमाणपत्र, विधान तथा अन्य कागजात परीक्षण गरी अनुदान प्राप्त गर्ने संस्था गैर नाफामूलक प्रकृतिको सामाजिक संस्था भए नभएको एकिन गर्ने,

२. संस्थाले कार्यक्रमको प्रस्ताव गर्दा स्थानीय सरकारवाट स्वीकृत खर्चका मापदण्ड तथा नर्म्सभित्ररही कार्यक्रम पेश भए नभएको एकिन गर्ने ।

३. प्रस्तावपत्रसाथ पेश भएका कागजातहरु र संस्थाले गत आ.व. मा काम सम्पन्न गरी पेश गरेको लेखा परीक्षण प्रतिवेदन अध्ययन गरी कम्तिमा अपाङ्गताको क्षेत्रमा सचेतना, प्रवोधिकरण, क्षमता विकास, सहयोगी सामाग्री बितरण र सि.वि.आर. (अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम) जस्ता कार्यकमहरु संचालन गरी अपाङ्गता सशक्तिकरणको क्षेत्रमा योगदान पुर्याए नपुर्याएको एकिन गर्ने ।

४. संस्थावाट प्रस्ताव भई आएको कार्यक्रमको आवश्यकता एकिन गर्ने,

५. सम्बन्धित संस्था र स्थानीय तहबीच समन्वय बैठक बसी कार्यक्रम कार्यान्वयन सम्बन्धी योजना तय गर्ने,

६. संस्थाले कार्यक्रम प्रस्ताव गर्दा कूल रकमको कम्तिमा १० प्रतिशत रकम संस्थागत योगदान भएको सुनिश्चित हुनुपर्नेछ,

७. संस्थाले सार्वजनिक खरिद कानून एवम् अन्य प्रचलित कानूनले तोकेको विधि र मापदण्डबमोजिम अनुदान रकमको उपयोग गर्नु पर्नेछ,

८. अनुदानग्राही संस्थाले सम्बन्धित स्थानीय तहको प्रतिनिधित्व हुने गरी एक स्वतन्त्र अनुगमन समिति गठन गर्ने। उक्त समितिले कार्यक्रमको अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। सम्वन्धित मन्त्रालयसमेतले कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

बोधराज वस्याल
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

९. प्रथम पक्ष र दोस्रो पक्ष बीच सम्झौता भैसके पश्चात् कार्यक्रम संचालनको लागि पेश्की रकम माग भै आएमा प्रथम किस्ता बापत कूल रकमको बढीमा ६० प्रतिशत रकम निकासा दिन सकिनेछ। अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा देहाय अनुसारका कागजात संलग्न हुनुपर्नेछ:

- खर्चको बिल भरपाई,
- अन्तिम किस्ता भुक्तानीको लागि कार्य समितिको निर्णय प्रतिलिपि,
- सम्बन्धित स्थानीय तहको कार्य सम्पन्न भएको सिफारिस पत्र,
- कार्यसम्पन्न प्रतिवेदन,
- कार्यक्रम सञ्चालन गर्दा विभिन्न चरणमा खिचिएको फोटो,
- कार्य सम्पन्न भएको प्रमाणित गर्ने अन्य कागजातहरु,
- अनुगमन समितिको प्रतिवेदन।

## १० प्रस्तावपत्रको छनोट गर्ने मापदण्ड

| सि.न. | विवरण | मुल्यांकन आधारहरु | कैफियत |
|---|---|---|---|
| १. | २०<br>संस्थाको<br>१.दर्ता-नविकरण, ५<br>२ कर चुक्ता, ५<br>३ स्थायी लेखा नम्वर,<br>५<br>४ स.क.प.को आवद्धता/नविकरण<br>५<br>५. आयकर छुट प्रमाण पत्रको<br>५ फोटोकपी सबै भएमा | | उल्लेखित कागजातहरु मध्ये कुनै १ कागजात नभएमा कमशः ५ अंकको दरले प्रासांक कम हुँदै जानेछ |
| २ | गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा कार्य सम्पन्न गरेको लागतको आधारमा:<br>२०<br>१. रु. १ देखि १० लाख सम्म भएमा<br>५<br>२. रु. १० देखि माथि २५ लाख सम्म<br>१०<br>३. रु. २५ देखि माथि ५० लाख सम्म<br>१५<br>४. रु. ५० लाख देखि माथि भएमा एकमुष्ट | १ x ५ = ५<br>२ x ५ = १०<br>३ x ५ = १५<br>४ x ५ = २० | |

बोधराज वस्याल
प्रमुख प्रशासकिय अधिकृत

बिरुवा ... गाउँपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | २० | | |
| ३ | संस्थामा उपलब्ध भौतिक तथा दक्ष जनशक्तिको आधारमा :<br>८<br>१. कार्यालय संचालनको लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरु जस्तै;<br>क) कार्यालय<br>ख) कम्पूटर/ल्यापटप<br>ग) फर्निचर,<br>घ) फोन, इन्टरनेट आदि | २ न प्रतेकमा | |
| | | | |
| ४ | संस्थामा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने प्राविधिक तथा तालिम प्राप्त<br>८ पदाधिकारी एवम कर्मचारीहरु<br>क) लेखा राख्ने कर्मचारी<br>ख) दक्ष प्राविधिक<br>ग) स्थानीय तहसंग समन्वय गर्न सक्ने पदाधिकारी तथा कर्मचारी<br>घ) संस्थाको नागरिक समाज र स्थानीय निकाय वीचको समन्वय | २<br>२<br>२<br>२ | |
| ५ | संस्थाले विगतका वर्षहरुमा अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा :<br>१२<br>क) १ देखि ३ वर्षसम्मको लागि<br>२<br>ख) ३ देखि ५ वर्षसम्मको लागि<br>२<br>ग) ५ देखि ७ वर्षसम्मको लागि<br>२<br>घ) ७ देखि १० वर्षसम्मको लागि<br>२<br>घ) १० देखि १५ वर्षसम्मको लागि<br>२<br>च) १५ देखि माथि जति वर्ष भए पनि<br>२ | २<br>२<br>२<br>२<br>२<br>२ | |

वोधराज वस्याल
प्रमुख प्रशासकिय अधिकृत

किरो त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बकनपराती (बदंघाट हुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ६ | परियोजना प्रस्ताव निर्माणमा संस्थागत योगदानको आधारः<br>१०<br>क) कम्तिमा १० प्रतिशतसम्मको योगदान ४<br>ख) कम्तिमा १५ प्रतिशतसम्मको योगदान थप ४<br>ग) १५ प्रतिशत भन्दा बढीको योगदान थप २ | ४<br>४<br>२ | |
| ७. | स्थानीय तहमा दर्ता भएको संस्था भएमा थप ५ | ५ | |
| ८ | परियोजना प्रस्तावनाको समग्र मुल्याङ्कन | १७ | |
| | जम्मा अंक भार | १०० | |

बोधराज दस्याल
प्रमुख प्रशासकिय अधिकृत

बिनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

अनुसुचि -१
निवेदनको ढाँचा
विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विनयी त्रिवेणी गाउँपालिका दुम्किवास ।

विषय : कार्यक्रममा सहभागी गरीदिने बारे ।

महोदय,
उपरोक्त सम्बन्धमा म श्री ... ..................................अपाङ्ग लक्षित कृषि कार्यक्रम गर्ने ईच्छुक भएकोले कानुन अनुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु। पुनश्च तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा अनुरोध छ ।

तपशिल
अनुसूची २ अनुसारको संक्षिप्त कार्ययोजना ।
नेपाली नागरिताको प्रमाणित प्रतिलिपि ।
समूह/संघ सस्थाको हकमा सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
अन्य प्रमाणित पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरु

निवेदकको

नामः

दस्तखतः

छापः

ठेगानाः

फोन नं.:

वोधराज घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

अनुसूची-२

संक्षिप्त कार्य योजना

अपाङ्गता सम्बन्धि काम गर्ने सस्थाको नाम :

गाउ/टोल ...............वडा नं.......स्थानिय तह.......................

जिल्ला...................................

माग गरेको अनुदान रकम/लगानी:

व्यवसायबाट उत्पादन हुने वस्तु:

उत्पादित कृषि बस्तुको परिमाण:

व्यवसायले वातावरणमा नकरात्मक प्रभाव पार्छ पार्दैन ?

कार्यक्रम संचालन गरिने स्थानः

संलग्न लन गरिने विवरणः

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | जम्मा लगानी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अपाङ्ग सम्बन्धी काम गरेको भए, विगत कति वर्ष देखी ................निरन्तर गरीरहेको ?
वर्ष ...........महिना......

नामः

पदः

दस्तखतः

संस्थाको छापः

मितिः

बोधराज वस्याल
प्रमुख प्रशासकिय अधिकृत